जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १५१ २०८१ साल पुस २७ गते शनिबार (11 Jan. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : संसद्लाई संसद्जस्तै... ३ पृष्ठमा : सिरहा भन्सारमा प्लान्ट ... ३ पृष्ठमा : छात्रा शिक्षासम्बन्धी शिखर ...

## अहिलेको पत्रकारिता निकै चुनौतीपूर्ण छ : मुख्य न्यायाधिश ज्ञवाली








**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

उच्च अदालत जनकपुर-राजविराज इजलाशका मुख्य न्यायाधीश बामदेव ज्ञवालीले अहिलेको पत्रकारिता निकै चुनौतीपूर्ण रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा शुक्रबार राजविराजमा आयोजित ३१ औं लोकेन्द्र स्मृति दिवस एवं २९ औं लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै मुख्य न्यायाधिश ज्ञवालीले यस्तो बताएका हुन् ।

अहिलेको अवस्थामा प्रविधि विकासले गर्दा पत्रकारितामा चुनौती थपिएको उल्लेख गर्दै उनले समाजलाई विभिन्न सूचनाका साथै सत्यतथ्य, स्वतन्त्र, निश्पक्ष र निडरका साथ कलम चलाउनु पर्नेमा जोड दिए ।

एक अर्को प्रसङ्गमा उनले अदालत न्याय प्रक्रिया सम्पादनमा अहिले निकै अगाडी बढीसकेको अवस्थामा सेवाग्रहीले पाउनु पर्नेअधिकार अझै पाउन नसकेको प्रति गुनासो पोखे । सेवाग्राहीहरु बिचौलियाको कारण न्याय पाउनबाट बञ्चित भइरहेको समेत बताए ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवं सम्मानमा स्थापना गरिएको पत्रकारिता पुरस्कारबाट रासस राजविराजका संवाददाता अरुण कुमार यादव सम्मानित भएका छन् । पुरस्कारको राशी ५ हजार ५ तथा कदरपत्र रहेको छ ।

यस्तै प्रेस स्वतन्त्रता सेनानी तथा आजको वातावरण दैनिकका सम्पादक बैजनाथ झाद्वारा स्थापित वातावरणीय पत्रकारिता पुरस्कार अर्चना परियार दर्जीलाई प्रदान गरिएको छ ।

आयोजित कार्यक्रममा प्रमुख अतिथी मुख्य न्यायाधिश ज्ञवालीले पत्रकारद्वय यादव र परियारलाई उक्त सम्मान प्रदान गरे ।

विगत एक दशक देखी पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुऱ्याए वापत उनीहरुलाई सम्मान गरिएको पुरस्कार छनौट समितीका संयोजक मुरलीप्रसाद यादवले बताए ।

पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्यद्वय ललिता साह र राजु विश्वकर्मा, पत्रकार महासंघका पूर्व अध्यक्षहरु बैजनथा झा, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह, विष्णु मण्डल, प्रेस काउन्सीलका पूर्व सदस्य एवं वरिष्ठ पत्रकार अनिलकुमार अनल, प्रेस युनियनका अध्यक्ष बिनयलाल कर्ण, प्रेस मञ्चका अध्यक्ष भुषण कुमार सिंह, प्रेस सेन्टरका अध्यक्ष बिन्दु यादव, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, महासंघका पूर्व सल्लाहकार मनोहर कुमार पोखरेललगायतले स्व. पत्रकार बुढाथोकीको जिवनी बारे प्रकाश

*बाँकी अन्तिम पृष्ठमा*

## सशस्त्र प्रहरीको न्यानो बाँड्ने अभियान शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

चिसोले जनजीवन कष्टकर बन्दै गएका बेला सशस्त्र प्रहरी बल नं. ६ गण हेडक्वाटर सप्तरीले चिसोबाट अत्यधिक प्रभावित भएका विपन्न वस्तीमा पुगेर न्यानो बाँड्ने अभियान शुरु गरेको छ ।

सशस्त्र प्रहरीले जिल्लाको डाक्नेश्वरी नगरपालिका, बोदेवर्साइन नगरपालिका, सप्तकोशी नगरपालिकाका साथै तिलाठी कोइलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलान विहुल गाउँपालिका लगायतका विभिन्न चौक र विपन्न वस्ती मै पुगेर न्यानो कपडा र कम्बल वितरण गर्नुका साथै ठाउँ ठाउँमा दाउरा बालेर आगो ताप्ने व्यवस्था समेत मिलाउन थालेको हो ।

जाडोका कारण कष्टप्रद जीवनयापन गर्न बाध्य सर्वसाधारणलाई थोरै भएपनि न्यानो पार्ने उद्देश्यले ठाउँ ठाउँमा आगो ताप्ने ब्यवस्था मिलाउनुका साथै न्यानो लुगा वितरण गर्न थालिएको सशस्त्र प्रहरी उपरिक्षक ज्ञानमणी पौड्यालले बताए ।

सप्तरीमा प्रत्येक वर्ष जाडोको मौसम गरिब र विपन्न समुदायका लागी ठुलो काल बनेर आउने गरेको छ । यस्तो अवस्थामा विपन्न समुदायको पीडामा मलहम लगाउने प्रयास गरिएको सशस्त्र प्रहरी बल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

## विटौरी जग्गाको समस्या समाधान बारे मधेश सरकारको ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

मधेश प्रदेश सभाको बैठकमा प्रदेशसभा सदस्य किरण कुमारी साहले राजविराज नगरपालिका क्षेत्र भित्र रहेका विटौरी जग्गाको समस्या समाधान बारे सरकारको ध्यानाकर्षण गराएकी छिन् ।

प्रदेस सभा सदस्य साहले प्रदेशसभाको शुक्रवारको बैठकमा विटौरी जग्गाको समस्या समाधान गर्न माग गर्दै प्रदेश सरकारको ध्यानाकर्षण गराएकी हुन ।

राजविराज नगरपालिका क्षेत्रमा वसोवास गर्ने ५ हजार २ सय परिवार वर्षौ देखी लालपुर्जा आफ्नो नाममा प्राप्त गर्न नसकेको तथा नक्सा पास समेत रोकिदा समस्यामा परेको भन्दै उनले छिटो भन्दा छिटो समाधान खोज्नु पर्ने माग समेत गरिन ।

बि.स. २०१६ साल मै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ वायाँ पुस्तौ देखी वसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार वर्षौदेखी लालपुर्जा पाउन नसक्दा समस्यामा छन । जग्गा वापतको नगरपालिकाबाट पाएको विटौरी रसिदको आधारमा वसोवास र समस्यामा परेका वेला सोही विटौरी रसिदमा उल्लेखित जग्गा बैक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएको भन्दै उनले सरकारको ध्यानाकर्षण गराईन ।

विगत ८ वर्ष देखी श्रेस्ता र कम्प्युटरमा कुनै रेर्कड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेको भन्दै प्रदेश सभा सदस्य साहले राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार बैंक तथा वित्तिय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित हुनु परेको बताइन् ।

## मधेश प्रदेशका एक हजार पाँच सय ९४ फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ पुस ।**

नेपाल प्रहरीले पछिल्लो पाँच महिनामा देशभरबाट पाँच हजार आठ सय ४६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

अदालतको आदेश कार्यान्वयनका क्रममा विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भई फरार रहेका प्रतिवादीलाई पक्राउ गरिएको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिएका छन् । उनका अनुसार चालु आवमा फरार प्रतिवादी पक्राउ गर्ने अभियान सञ्चालन गरिएको हो ।

प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले साउनदेखि मङ्सिरसम्म पक्राउ परेकामा सबैभन्दा बढी मधेश प्रदेशका एक हजार पाँच सय ९४ प्रतिवादी रहेका जानकारी दिनए । काठमाडौं उपत्यकाबाट एक हजार दुई सय ५३ जना प्रतिवादी पक्राउ परेका छन् ।

कोशीबाट सात सय ३५, बागमतीबाट दुई सय ६५, गण्डकीबाट पाँच सय छ, लुम्बिनीबाट एक हजार ३५,

*बाँकी तीन पृष्ठमा*

**उपभोक्ता सचेत बनौं**

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्वन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वन र जलको उपयोग गर्नेतर्फ ध्यान पुगोस्

वन मासिदै जाँदा पनि सरकार अझ गम्भिर बन्न सकिरहेको छैन् । वन तस्करहरुले वनलाई मास्दै गएका छन् । हाम्रो देशमा अहिले हरियो वन वन माफियाको धन बनेको छ । अधिकांश क्षेत्र वनजंगलले ढाकिएको नेपालमा उचित साधनश्रोतको अभावमा वन त्यत्तिकै मासिदै गएको छ भने जल त्यतीकै खेर गइरहेको छ ।

सिंचाई तथा मलखादको अभावमा हाल कृषि क्षेत्रमा पनि ह्रास समेत आएको छ । नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, खेतीयोग्य हरिया खेतवारी खडेरीको रुपमा परिणत भइरहेको छ । नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि वर्षायाममा सिँचाईको अभाव हुने गरेको छ । खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन । नहर छ, तर व्यवस्थित छैन । किसानहरु वर्षाको अभावका कारण अन्य बैकल्पिक उपायबाट आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन । वन र सिचाई मुलुकको राजनीतिक दाउपेच मात्र बन्न सकेको छ ।

यसप्रति तीनै तहका सरकार अझै गम्भिर बन्न सकेको छैन् । यस मुद्दालाई लिएर दलहरु भोटको राजनीति गर्न सकस गरिरहेका छन् । तसर्थ जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस गम्भिर विषयलाई मुलुकका सम्पूर्ण राजनीतिक दलहरुलाई खबरदारी गर्नदेखी दबाब सृजना गर्न समेत नेपाली जनता जागरुक हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संसद्लाई संसद्जस्तै रहन दिऔं

**डा शोभाकर पराजुली**

काठमाडौँ, २६ पुस (रासस) ।

नेपालले संसदीय संरचना र संसद्को सर्वोच्चतासहितको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै समय भइसकेको छ । तथापि संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा आमनागरिकले त्यसको प्रभावकारिता महसुस गर्न सकेका छैनन् ।

संसद् भनेको खासगरी जनताको थलो हो । जननिर्वाचित प्रतिनिधिहरूले जनताका मुद्दाबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुन निर्माण गर्ने थलोका रूपमा यसलाई बुझ्ने गरिन्छ । कामकाजी भाषामा भन्ने हो भने संसद् जनताको जीवनसँग गाँसिएको एउटा लोकतान्त्रिक अभ्यासको थलो हो । लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यासका रूपमा रहेको चुनावमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन् । देशभरिबाट चुनिएर आएका तिनै प्रतिनिधिहरूलाई सांसद र उनीहरूले मन्थन गर्ने थलो भनेको संसद् हो । यसलाई प्रतिनिधिसभा वा तल्लो सदन पनि भन्ने चलन छ ।

यसरी जनताले आफैँ प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन् तर यसरी चुनिएर आएका प्रतिनिधहरूले नै जनतालाई महसुस हुने गरी काम नगर्दा आमनागरिकमा संसद्प्रति नै भरोसा रहँदैन । यसथ संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधिमूलक थलो पनि हो, जहाँ बसेर जनप्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन् । जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुन बनाउन सक्छन् । हाम्रा सांसदहरूले भने विस्तारै लोकतन्त्रको यो उच्चतम परिभाषा बोकेको संसद्को मान्यतालाई नै बिथोल्न थालेका छन् । त्यसैले 'भोट हाल्नका लागि हाल्दिएको' भनेर नागरिकले पनि वास्ता गर्दैनन् । जनता र जनप्रतिनिधिबीच नजिकको सम्बन्ध हुनुपर्नेमा टाढा हुन जाँदा संसद्ले जनविश्वास गुमाउँदै गएको त छैन भन्ने प्रश्न उठ्न दिनु हुँदैन ।

नेपालमा पहिलोपटक २०१५ सालमा आमनिर्वाचन भयो । राणा शासनको अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद्को माग अघि सारेको थियो । यद्यपि, त्यो बेला 'क्रान्तिकारी'हरूले संविधानसभाकै गठन हुनुपर्ने भनेका थिए तर राणासँगको सम्झौतापछि राणा-कांग्रेसको संयुक्त सरकार बन्यो । त्यो अन्तरिम सरकार पनि संविधानसभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो । यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ फागुन ७ मा पहिलोपटक संसदीय निर्वाचनको घोषणा भयो । नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो । त्यसपछि विसं २०१६ असार १६ गते मध्यरातमा मात्रै संसद्को पहिलो बैठक बोलाइएको थियो ।

नेपालमा संसदीय राजनीतिको इतिहासमा यो पहिलो कोसेढुङ्गा थियो । तथापि यो संसद्ले आफ्नै पूरै शैशवकाल पनि बाँच्न पाएन । संसदीय अभ्यास तङ्ग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाट निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए । जनताको प्रजातान्त्रिक अभ्यास गर्ने थलो खोसियो । जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि राजाले जेल हाले । त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै जनमतले नभएर राजाको हुकुमी शासन चल्यो । त्यतिबेला पनि पञ्चायती भारद्वारहरूको पञ्चायती सभाहरू त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन् । ती त बरु दरबार रिझाउने र जनतामाथि शासन लाद्नेहरूको मात्रै पञ्चायत थिए ।

विसं २०४६ को जनआन्दोलनपछि फेरि संसद् पुनःस्थापित भयो । र २०४८ सालमा संसदीय निर्वाचन भयो । त्यसपछिका संसद्हरू पनि धेरै खलबलिए । एउटै पार्टीको बहुमतको सरकारले पूरा समय चल्न नसकेको मात्र होइन दुईभन्दा बढी पार्टीका सरकारहरूले पनि स्थिरता दिन सकेनन् । बहुदलीय शासन व्यवस्था भएका कारण न संसद् स्थिर भयो न सरकार नै । पटक पटक फेरिने सरकारहरूले नै संसद्लाई पटक पटक बिथोल्ने अनि बराल्ने काम गरे । विसं २०५२ पछि २०६२/६३ सम्म कुनै पनि संसद्ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन् । यो वा त्यो बहानामा कहिले संसद् भङ्ग गरियो । कहिले बिथोलियो । माओवादी सशस्त्र युद्धका बेला २०५९ सालमा त फेरि राजा ज्ञानेन्द्रले संसद् विघटन गरी 'कु' गरे । फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एक प्रकारको प्रतिबन्ध लाग्यो ।

राजाको यो दुष्प्रयास लामो समय चलेन र सक्ने कुरा पनि थिएन । राजनीतिक 'कू' का विरोधमा फेरि अर्को जनआन्दोलन भयो । यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनःस्थापनालाई आफ्नो 'बटमलाइन' बनाएको थियो । खासगरी तत्कालीन नेपाली कांग्रेसका सभापति तथा आन्दोलनका कमाण्डर स्व गिरिजाप्रसाद कोइरालाले संसद् पुनःस्थापनाको अडान लिनुभएको थियो । त्यहीअनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्सहित जनताका सारा अधिकारहरू फिर्ता गरे । एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद्को शक्ति कति हुन्छ भन्ने उदाहरण नेपालमा पटक पटक पेस भएका छन् । यो त्यही संसद् थियो जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । राजा र राजसंस्थाको सदियौँको विरासत यही संसद्ले अन्त्य गरिदिएको थियो । त्यतिमात्रै होइन, हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै यो बाटोमा ल्याइदियो ।

त्यसपछि विसं २०६४ र २०७० मा संविधानसभाको निर्वाचन भयो । यो संविधानसभाले २०७२ सालमा संविधान जारी गऱ्यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पुनः संसदीय चुनाव भयो । यो बेला देशमा गणतन्त्र आइसकेको थियो । देशको शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र सङ्घीयतामा गइसकेको थियो । स्थानीय तह र प्रदेशदेखि सङ्घसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो । तथापि त्यसपछिका संसद्मा पनि सांसदहरूले आफ्नो संसदीय मर्यादालाई जोगाइराख्न सकेनन् । न संसदीय दलहरूले आफ्ना विधि र मान्यताहरूको ख्याल गरे । त्यसपछि पनि विभिन्न बहानामा संसद् भङ्ग गर्नेजस्ता असंवैधानिक कदमहरू जबर्जस्ती चालिए । धन्न न्यायालयले त्यसलाई रोक्दै संसद् विघटनको परिकल्पनामा समेत रोक लगाइदियो । सांसदहरू आफैँले बनाएको संविधानमा संसद् विघटनको परिकल्पना थिएन । वा जुनसुकै शब्दहरू वा धारा, उपधाराहरू राखिए पनि मर्म भने त्यस्तो थिएन । त्यसपछिका संसदीय गतिविधि हेर्ने हो भने ती पनि चित्त बुझ्दा छैनन् । संसदीय मर्यादा, मान्यता, मर्म र संसदीय अभ्यासको विश्वव्यापी नियम र प्रचलनहरूलाई हाम्रा संसादहरूले आत्मसात् गरेको देखिँदैन ।

एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्को बैठकहरू अवरुद्ध हुँदा त्यसले कति क्षति पुऱ्याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आम जनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन् । संसद् अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकाङ्की हुनजान्छ । संसद् भनेको शक्ति पृथकीकरणको एउटा अभिन्न अङ्ग पनि हो । संसद् बिना सरकार निरङ्कुश हुँदै जान्छ र शासकीय महत्काङ्क्षाहरू नकारात्मकतातिर बढ्दै जान्छन् । प्रतिपक्षले आफ्ना कुराहरू राख्न पाउँदैनन् । जनताका समस्याहरू सुनाउने थलोको अभाव हुन जान्छ । एक प्रकारले संसद् बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ । तसर्थ संसद्लाई विशुद्ध जनताको मात्रै थलो बनाऔँ । यसलाई राजनीतिक स्वार्थ पूरा गर्ने हतियारका रूपमा धारिलो बनाउने प्रयास नगरौँ ।

# 'विश्वविद्यालयका अधिकार क्षेत्रमा हस्तक्षेप नगर्ने सहमति'

काठमाडौँ, २६ पुस (रासस) ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको बैठकमा विश्वविद्यालयका अधिकार क्षेत्र, स्वायत्तता र पाठ्यक्रम बनाउने विषयमा हस्तक्षेप नगर्ने सहमति भएको छ ।

समितिको शुक्रबारको बैठकमा नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि दफावार छलफलका क्रममा उक्त विषयमा सहमति भएको हो ।

कानुन शिक्षाको मापदण्डका सम्बन्धमा विश्वविद्यालयको अधिकार क्षेत्र, स्वायत्तता र पाठ्यक्रम निर्माणमा विश्वविद्यालयले प्रयोग गर्ने प्राज्ञिक दृष्टिकोण हनन् गर्न नहुने विषयमा विस्तृत छलफलपश्चात् उक्त सहमति भएको हो ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुन शिक्षाको मापदण्डका विषयमा मन्त्रालयमा थप छलफल गरी अर्को बैठकमा धारणा प्रस्तुत गरिने बताउनुभयो ।

समिति सभापति तुलसाकुमारी दाहालले कानुन शिक्षाको मापदण्डलाई व्यवस्थित र थप प्रभावकारी बनाउने विषयमा अर्को बैठकमा पुनःछलफल गरिने बताउनुभयो । समितिका सदस्यहरूले कानुन शिक्षाको मापदण्डका विषयमा सहजीकरण गर्नुपर्नेबारे राय व्यक्त गर्नुभएको थियो ।

उक्त विधेयकमा मुख्यगरी 'लयर्स एकेडेमी स्थापना', लाइसेन्स लिइसकेका कानुन व्यवसायीहरूलाई तालिम र कानुन शिक्षाको मापदण्डका विषयमा व्यवस्था गरिएको छ ।

# सिरहा भन्सारमा प्लान्ट क्वारेन्टाइन नहुँदा राजस्व असुलीमा असर

सिरहा, २६ पुस (रासस)।

सिरहाको माडरस्थित प्रमुख भन्सार कार्यालयमा 'प्लान्ट क्वारेन्टाइन' नहुँदा भन्सारको राजस्व असुलीमा असर पुगेको छ।

नेपाल–भारत दुई देशबीच मुख्यगरी तरकारी, खाद्यान्न र फलफूल आयत निर्यातमा समस्या खेप्दै आएको सिरहाका प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाले बताउनुभयो। "यहाँ मासिक रु एक करोडभन्दा बढी राजस्व सङ्कलन हुँदै आएको छ, तर प्लान्ट क्वारेन्टाइन सेवा नहुँदा भारतमा उत्पादन हुने कृषि उत्पादन यो नाका हुँदै पैठारी गर्न र नेपालमा उत्पादित कृषिजन्यउपज भारत निकासी गर्न कठिनाइ हुँदै आएको छ", उहाँले भन्नुभयो, "व्यवसायी र कृषकले समस्या भोग्नुपरेको छ, चोरी निकासी र पैठारी नियन्त्रण हुन सकिरहेको छैन।"

क्वारेन्टाइन कार्यालय नहुँदा एकातिर व्यापारी विस्तारै निरुत्साही हुँदै गएका छन् भने अर्कातिर भन्सार अगाडिको सडकखण्डमा घण्टौँसम्म नेपाल भित्रिने मालवाहक सवारीसाधन लाम लाग्ने गरेका छन्। प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार नेपाल प्रवेश गर्ने मालवाहक सवारीसाधनको क्वारेन्टाइन प्रक्रियाकै लागि घण्टौं लाग्ने हुँदा सडकमै सवारीसाधन पार्किङ गर्नुपर्ने समस्याले आवागमन समेत प्रभावित हुने गरेको छ।

माडर भन्सार भएर दलहन, फलफूल, तरकारी तथा पशुपन्छी र दुग्धजन्य वस्तु आयात निर्यातमा समस्या भएको छ भने खाद्य, तेल, मैदा, दाना, बेकरीसँग सम्बन्धित उद्योग प्रभावित भएका छन्। वार्षिक रु १२ करोडभन्दा बढी राजस्व उठाउने यस भन्सार कार्यालयमा विषादी चेक गर्ने सामान्य प्राविधिक कर्मचारीको अभावमा प्लान्ट क्वारेन्टाइन सेवा नहुनु दुःखद् विषय भएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको भनाइ छ।

उहाँले भन्नुभयो, "यहाँको नाकामा प्लान्ट क्वारेन्टाइन सेवा नहुँदा भन्सार कारोबारमा प्रभाव परेको छ। भन्सारको ९० प्रतिशत आम्दानी कृषजन्य वस्तु आयातबाट हुने हो। राजस्व छली नियन्त्रण गर्न पनि जिल्लामा प्लान्ट क्वारेन्टाइन सेवा अनिवार्य छ।"

प्लान्ट क्वारेन्टाइन नभएपछि व्यवसायीले पूर्वमा विराटनगर भन्सार कार्यालय तथा पश्चिममा जलेश्वर भन्सार कार्यालय भएर सामान निर्यात गर्नुपरेको छ। यसरी लामो दूरी तय गर्दा ढुवानी खर्च बढ्न गई उपभोक्ता चर्को मूल्यवृद्धिको मारमा पर्ने गरेका जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष विकास सारडाको भनाइ छ। उहाँले भन्नुभयो, "भन्सारको मुख्य आम्दानी नै कृषिजन्य वस्तु हो, त्यसैले यहाँ जति सक्दो चाँडो प्लान्ट क्वारेन्टाइन स्थापना गर्नुपर्छ। स्थापनापछि राजस्व असुली अहिलेको तुलनामा तीन गुणा वृद्धि हुनेछ।"

प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार प्लान्ट क्वारेन्टाइनको समस्यालाई समाधान गर्न विगतदेखि पटकपटक सम्बन्धित मन्त्रालय र विभागबाट प्रयासहरू भए पनि हालसम्ममा सार्थकता पाउन सकेको छैन। विसं २०७८ असोजमा अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित भन्सार कार्यालयले उपलब्ध गराएको कार्यकक्ष प्रयोग गरी कृषिजन्य वस्तुको आवश्यक निरीक्षण परीक्षण गरी छोडपुर्जी जारी गर्ने गरी क्वारेन्टाइन सम्पर्क विन्दु स्थापना गर्ने तथा उक्त सम्पर्क विन्दुमा काम गर्न हाल कार्यरत क्वारेन्टाइन कार्यालय कृष्णनगर, भैरहवा र जलेश्वरबाट एक/एक प्राविधिक कर्मचारी भन्सार कार्यालय क्रमशः सुठौली, महेशपुर र सिरहालाई उपलब्ध गराउने निर्णय भएको थियो। त्यसको भोलिपल्टै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सोहीअनुरुप गर्न भनी प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र हरिहरभवन, ललितपुरलाई पत्र लेखेको थियो।

प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र हरिहरभवनबाट उक्त निर्णय अविलम्ब कार्यान्वयन गर्न भनी क्वारेन्टाइन कार्यालय जलेश्वर, भैरहवा र कृष्णनगरलाई सम्बोधन गरी पत्राचार भएको प्रमुख भन्सार अधिकृत सापकोटाले बताउनुभयो। यहाँ खटिइ आउने कर्मचारीका लागि आवश्यक कार्यकक्ष उपलब्ध गराई सहयोग गर्न भनी भन्सार विभाग त्रिपुरेश्वरबाट २०८० जेठ २४ गते भन्सार कार्यालय सिरहा, महेशपुर र सठौलीलाई पत्राचार समेत गरिएको थियो। उक्त निर्णय तथा पत्राचार भएको लामो समयसम्म पनि प्लान्ट क्वारेन्टाइनको व्यवस्था नभएपछि सेवा प्रवाहमा समस्या भएको उहाँले बताउनुभयो।

### *मधेश प्रदेशका ...*

कणालीबाट एक सय ६९ र सुदूरपश्चिम प्रदेशबाट दुई सय ३५ फरार प्रतिवादीलाई पक्राउ गरी अदालतमा पेस गरिएको प्रवक्ता अधिकारीले जानकारी दिए।

केन्द्रीय अनुसन्धान ब्यूरोले ५४ जना पक्राउ गरेको छ। निजहरूबाट रु ४३ करोड पाँच लाख ४२ हजार जरिवानासमेत तोकिएको छ। निजहरूबाट कूल कैद एक हजार नौ सय ६८ वर्ष नौ महिना आठ दिन भुक्तानी गर्न बाँकी रहेको प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिए।

प्रहरीले फरार प्रतिवादी पक्राउ गर्न विशेष टोली परिचालन गर्दै आएको छ। सोही क्रममा उक्त सङ्ख्यामा प्रतिवादी पक्राउ गरी अदालतमा पेस गरिएको बताउँदै प्रवक्ता अधिकारीले अदालतको आदेशअनुसार जरिवाना तिराउर कारागारसमेत पठाइएको बताए।

# समावेशी समूहबारे पुनःविचार आवश्यक

काठमाडौं, २६ पुस (रासस)।

सांसदहरुले वैवाहिक स्थितिका आधारमा महिलाको समावेशी समूह परिवर्तन गरेर प्रतिनिधित्व गर्नु उचित नहुने धारणा व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभाअर्न्तगतको महिला तथा सामाजिक न्याय समितिको शुक्रबारको बैठकमा समिति सदस्यहरुले महिलाको विवाहपछिको थरका आधारमा समानुपातिक प्रतिनिधित्व गर्दा न्यायसंगत नहुनेमा जोड दिनुभएको छ।

सांसद रोशन कार्कीले समानुपातिक निर्वाचनमा महिलाको वैवाहिक अवस्थितिले पनि प्रतिनिधित्व गर्दा असर परेको धारणा राख्नुभयो। सांसद कल्पना मियाँ कुसारीले महिलाको समावेशी समूह वैवाहिक अवस्थाले निर्धारण गर्दा प्रतिनिधित्वमा फरक पर्ने विषयमा सहमति जनाउनुभयो। उहाँले भन्नुभयो, "समानुपातिक निर्वाचनभित्र क्लस्टरमा समस्या देखिएको छ। मेरो बुझाइमा विवाहपछि परिवर्तन हुने क्लस्टरबाट प्रतिनिधित्व गर्नु गलत हो।" यस विषयमा निर्वाचन आयोगसँग समेत छलफल गर्नपर्ने उहाँको भनाइ थियो।

बैठकमा 'समानुपातिक प्रतिनिधित्वको वर्तमान अवस्था र कार्यान्वयनको मूल्याङ्कन' विषयमा नेपाल इन्टिच्युट फर पोलिसी रिसर्चले तयार गरिरहेको अध्ययनमा समिति सदस्यहरुले टिप्पणी एवं सुझाव प्रस्तुत गर्दै समावेशी समूहका विषयमा थप अध्ययन गरेर निष्कर्ष निकाल्न सुझाव दिइएको थियो।

समिति सदस्य सुशीला सिर्पाली ठकुरीले पनि समानुपातिक निर्वाचनमा समूहमा पनि कुन समूहको निर्वाचित गर्ने भन्ने विषयमा राजनीतिक दल पनि जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन मलाला पाकिस्तान आउने

इस्लामाबाद, २६ पुस (रासस/एएफपी)।

नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाई आफ्नो जन्मथलो पाकिस्तानमा आयोजना हुने छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन इस्लामाबाद आउनुहुनेभएको छ। युसुफजईलाई सन् २०१२ मा पाकिस्तानी तालिबानले गोली हानी हत्या गर्ने प्रयास गरेपछि विदेशमा जीवन बिताउँदै आउनुभएको छ। आक्रमणपछि पनि उहाँले पाकिस्तानी किशोरीहरुको शैक्षिक तथा अन्य अधिकारका लागि आवाज बुलन्द गर्दै आउनुभएको छ तर पाकिस्तानको विरलै मात्र भ्रमण गर्ने गर्नुभएको छ।

"म विश्वभरका मुस्लिम नेताहरूसँग छात्रा शिक्षासम्बन्धी महत्वपूर्ण सम्मेलनमा सामेल हुन पाउँदा उत्साहित छु," उनले शुक्रबार एक्समा एक पोस्टमा लेख्नुभएको छ। "आइतबार म सबै बालिकालाई विद्यालय जान पाउने अधिकारको रक्षा गर्ने र तालिबानलाई अफगान महिला र बालिकाविरुद्ध गरेको अपराधका लागि किन जवाफदेही बनाउनुपर्छ भन्ने विषयमा सम्बोधन गर्नेछु," उहाँले पोस्टमा लेख्नुभएको छ।

मलाला फन्ड च्यारिटीका प्रवक्ताले उहाँ व्यक्तिगत रूपमा शिखर सम्मेलनमा सहभागी हुने पुष्टि गरेका छन्।मुस्लिम समुदायमा बालिका शिक्षामा केन्द्रित रहेर शनिबार र आइतबार राजधानी इस्लामाबादमा दुई दिने शिखर सम्मेलन हुनेछ। पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले उद्घाटन गर्ने समारोहमा ४४ देशका मन्त्री तथा राजदूतका साथै संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कका प्रतिनिधिसहभागी हुनेछन्। यस शिखर सम्मेलनले मुस्लिम समुदायको शिक्षाको माध्यमबाट बालिकाहरूको सशक्तीकरणको साझा प्रतिबद्धतालाई पुष्टि गर्नेछ।

सन् २०१२ मा अफगानिस्तानसँग सीमा जोडिएको स्वात उपत्यकामा पाकिस्तानी तालिबान लडाकूले विद्यालयको बसमा आक्रमण गरेपछि दिएको प्रतिक्रियापछि युसुफजाई चर्चामा आउनुभएको थियो। अफगान तालिबान र नेटो सेनाबीच सीमापार युद्ध चर्किरहेको समय पाकिस्तानी तालिबानको नेतृत्वमा यस क्षेत्रमा बर्बर आतङ्क फैलिएको थियो। हत्या प्रयासपछि उहाँलाई संयुक्त अधिराज्य (बेलायत)मा लगियो र बालिका शिक्षाको लागि विश्वव्यापीरूपमा आवाज उठाएका कारण १७ वर्षको उमेरमा सबैभन्दा कम उमेरको नोबेल शान्ति पुरस्कार विजेता बन्नुभएको थियो।

### जापानमा हथौडा आक्रमणमा परी कम्तीमा आठ जना घाइते

टोकियो, २६ पुस (रासस/एएफपी)।

जापानको राजधानी टोकियोस्थित एक विश्वविद्यालयमा शुक्रबार भएको आक्रमणमा परी कम्तीमा आठ जना घाइते भएका छन्। प्रहरी स्रोतलाई उद्धृत गर्दै सरकारी प्रसारक एनएचकेले उल्लेख गरेअनुसार होसेई विश्वविद्यालयको तामा क्याम्पसमा दिउँसो आक्रमण भएको थियो। जिजी प्रेसका अनुसार आक्रमणमा संलग्न भएको आरोपमा सोही क्याम्पसमा समाजशास्त्र अध्ययन गर्ने २० वर्षीया एक किशोरीलाई पक्राउ गरिएको छ। एफएनएनका अनुसार आक्रमणकारी छात्रालाई थप आक्रमण गर्नबाट विश्वविद्यालयका कर्मचारीले रोकेका थिए।

जापानमा हिंसात्मक अपराधको दुर्लभ यस घटनाको बारेमा प्रहरीले एएफपीसँग तत्काल घटनाको बारेमा विस्तृत विवरण प्राप्त भइनसकेको जनाएको छ। जापानमा बन्दूक नियन्त्रणका लागि कडा कानून छ। एनएचकेको लाइभ फुटेजमा जापानको राजधानीको उपनगरीय माचिडा जिल्लामा रहेको क्याम्पसमा आपतकालिन सवारी साधनहरूको लाइन लागेको र साइरेनसहित रातो निलो बत्ती चम्किरहेको देखिएको छ। जापानमा सन् २०२२ मा पूर्वप्रधानमन्त्री शिन्जो आबेको हत्यालगायत बेलाबेलामा छुरा प्रहार र कहिलेकाहीं गोली हानाहानका घटनासमेत हुने गरेको छ।

गत डिसेम्बरमा जापानको दक्षिणपश्चिमी क्षेत्रमा रहेको म्याकडोनल्ड रेस्टुरेन्टमा एक जुनियर हाईस्कूलका विद्यार्थीको छुरा प्रहार गरी हत्या गरिएको थियो भने अर्का एक जना घाइते भएका थिए। उक्त आक्रमणमा संलग्न भएको आरोपमा एक जनालाई पक्राउ गरिएको थियो। सन् २०१९ मा जापानको कावासाकी शहरमा एक जना स्कुले छात्रासहित दुई जनाको छुरा प्रहार गरी हत्या गरिएको थियो भने एक दर्जनभन्दा बढी घाइते भएका थिए। उक्त घटनामा ५१ वर्षीय आक्रमणकारीले बालबालिकाको एक समूहमाथि प्रहार गरेका थिए भने घाँटीमा छुरा प्रहार गरेको अनुसन्धानपछि पुष्टि भएको थियो।

### बन्धक जायदना 'हमासको कैदमा मारिएको' इजरायली सेनाद्वारा जानकारी

जेरुसेलम, २६ पुस (रासस/एएफपी)।

गाजामा गत अक्टोबर ७ मा भएको आक्रमणपछि लडाकुले बन्धक बनाएका एक इजरायली बन्धकको शव फेला परेको इजरायली सेनाले शुक्रबार पुष्टि गरेको छ। फरेन्सिक जाँचपछि इजरायली सेनाले हम्जा अल जायदना 'हमासको कैदमा मारिएको' जानकारी उहाँको परिवारलाई बिहीबार दिएको छ। सेनाले उहाँका पिता युसुफको शव बुधबार बरामद गरी इजरायल ल्याइएको घोषणा गरेको थियो। प्यालेस्टिनी लडाकूहरूले गाजाको सीमा नजिकै किबुट्ज होलिटबाट बाबुछोरालाई सन् २०२३ अक्टोबर ७ मा कब्जामा लिएका थिए। उनीहरूसँगै अपहरणमा परेका हम्जाकी बहिनी र भाइलाई नोभेम्बर २०२३ मा एक हप्ता लामो युद्धविरामको क्रममा रिहा गरिएको थियो।

हम्जा अल-जायदनाको भविष्यबारे बुधबार अपुष्ट रिपोर्ट सार्वजनिक भएको थियो, तर शुक्रबार सेनाले उहाँको मृत शरीरको अवशेष पहिचान भएको पुष्टि गरेको हो। सन् २०२३ मा हमासले गरेको उक्त आक्रमणमा इजरायली पक्षका एक हजार २०८ जनाको मृत्यु भएको इजरायली आधिकारिक तथ्याङ्कले देखाएको छ। इजरायलको जवाफी कारबाहीमा गाजामा ४६ हजार छ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश सर्वसाधारण रहेको संयुक्त राष्ट्रसङ्घले विश्वासिलो मानेको हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले देखाएको छ।

# दलित समुदायको विकास र सशक्तीकरणका लागि थप बजेट विनियोजन गर्ने प्रतिवद्धता




**दैनिक समाचारदाता**
**सिरहा, २६ पुस ।**
सिरहाको धनगढीमाई नगरपालिकामा "धनगढीमाई नगरपालिकाको नीति, कार्यक्रम र बजेटमा दलित समुदायको पहुँच" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नगरप्रमुख शिवशंकर महतोले दलित समुदायको विकास र सशक्तीकरणका लागि पालिकाले प्रयास गरिरहेको र आगामी दिनमा थप बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

नगरप्रमुख महतोले बजेट निर्माणमा दलित समुदायको सक्रिय सहभागिताको आवश्यकता औंल्याउँदै पालिकाले हालसम्म मुसहर समुदायलाई लक्षित गर्दै करार खेती आयोजना सञ्चालन, किसानहरूलाई मोटर वितरण, र चेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि जनसंख्याको अनुपातमा बजेट विनियोजन गर्न नसकिएको स्वीकार गरे ।

कार्यक्रममा नगरपालिकाकी उपप्रमुख संगिता कुमारी चौधरीले बालविवाह मुक्त नगर घोषणाका लागि दलित समुदायका छोरीहरूलाई २० वर्षपछि विवाह गर्दा १० हजार रुपैयाँ सहयोग गर्ने कार्यक्रम ल्याएको जानकारी गराइन् । उनले दलित समुदायका नेताहरू बजेट निर्माण र नीतिगत सुधारमा पर्याप्त सक्रिय नभएकोले पनि दलित लक्षित बजेट न्यून रहेको बताइन् ।

कार्यक्रममा दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानको अध्यक्षतामा अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको थियो । संयोजक मनिष कोइराला र सुशिन्द्र पासवानले प्रस्तुत गरेको प्रतिवेदनमा धनगढीमाई नगरपालिकामा दलित समुदायको बजेट, नीति र कार्यक्रममा पहुँचको अवस्था विवरण प्रस्तुत गरिएको थियो । सहभागीहरूले पालिकाको उत्तरदायित्वलाई प्रभावकारी बनाउन यस्ता कार्यक्रमको निरन्तरता आवश्यक रहेको धारणा राखे ।

स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति धनगढीमाईका संयोजक टिकाराम विश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगरपालिका सबै वडाका वडाअध्यक्ष, कार्यपालिका सदस्य, अनुगमन समितिका सदस्य, पत्रकार समेतको सहभागिता रहेको थियो ।

# मधेश प्रदेश महिला क्रिकेटमा सप्तरीको दोस्रो जित



**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**
बाराको कलैया संचालित मधेश प्रदेशस्तरिय प्रधानमन्त्री कप महिला क्रिकेट छनोट प्रतियोगितामा सप्तरीले सिरहालाई पराजित गर्दै लगातार दोस्रो जित हात हात पारेको छ ।

शुक्रवार भएको खेलमा सप्तरीले दिएको ९९ रनको लक्ष्य पछ्याउने क्रममा सिरहा ४३ रनमै सिमित भएपछि सप्तरीले ५६ रनले विजयी भएको हो ।

कलैया खेलमैदानमा टस जितेर सप्तरी ९९ रनको योगफल खडा गरेका थिए । जसमा दिपा राम २० रन र साक्षी यादबले १७ रन बनाएका थिए । बलिङतर्फ सिरहाका पुष्पा यादबले ३ बिकेट, अन्नु यादब र मिना महतोले समान्य २/२ बिकेट लिएका थिए ।

जवाफी ब्याटिङमा सिरहाले ११ ओभर २ बलमा ४३ रन बनाउन सकेका थिए जसमा सरस्वती चौधरीले १८ रन बनाउनु बाहेक अन्य कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेन । सिरहालाई सस्तोमा आउट गर्न सप्तरीका दिपा रामले ३ बिकेट तथा सुस्मिता यादव र साक्षी यादबले समान्य २/२ बिकेट र बन्दना रजकले १ बिकेट लिएकी थिईन ।

खेलको प्लेयर अफ दि म्याच सप्तरीका दिपा राम घोषित भएको टिम प्रशिक्षक राहुल सिँहले जानकारी दिए ।

# आगो बाल्दा वा विद्युतीय उपकरणको प्रयोग गर्दा सावधानी अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं, २६ पुस (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आगो बाल्दा वा हिटर तथा गिजरलगायत उपकरण प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ ।

मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीद्वारा जारी विज्ञप्तिमा भनिएको छ,"आगो ताप्ने, हिटर बाल्ने वा गिजर आदि उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा कार्बन मोनोअक्साइड जम्मा हुन सक्छ । कार्बन मोनोअक्साइड गन्ध, रङ्ग र स्वादरहित एक विषाक्त ग्यास हो, जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान पनि जान सक्दछ ।"


यी उपकरणहरूको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि मृत्यु र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन् । मन्त्रालयले हावा ओहोरदोहोर हुने स्थान वा कोठामा मात्र त्यस्ता उपकरण प्रयोग गर्न, सकेसम्म कोइला आधारित स्रोतबाट आगो नताप्न, आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने सामग्री नजिक नराख्नु र आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउनसमेत अनुरोध गरेको छ । "सुत्नुअघि अनिवार्य रूपमा हिटर निभाउन, गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गर्न, गिजर खोलेर लामो समयसम्म बाथरुममा नबस्नुहुन मन्त्रालय अनुरोध गर्दछ", विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यी उपकरणको प्रयोग गर्दा टाउको दुख्ने, रिङ्गटा चल्ने आदि जस्ता लक्षण देखिएमा तुरुन्त भ्याल ढोका खुला गरी हावा ओहोरदोहोर गराउन वा खुला ठाउँमा जान पनि अनुरोध गरिएको छ । लक्षणहरू कम नभएमा वा अझै खराब भएमा अस्पताल गई चिकित्सकको उचित सल्लाह लिन वा मन्त्रालयको 'हेल्लो स्वास्थ्य कल सेन्टर ११११' मा सम्पर्क गरी परामर्श लिन पनि मन्त्रालयले आग्रह गरेको छ ।

### अहिलेको पत्रकारिता...

गर्दै पुरस्कृत पत्रकारहरुलाई शुभकामना दिएका थिए ।

सप्तरीलाई कार्यक्षेत्र बनाएर निर्भिक, निडर तथा निश्पक्ष पत्रकारिता गर्दै आएका बुढाथोकीको २९ वर्षअघि रहस्यमय मृत्यु भएको थियो । हालसम्म पनि उनको मृत्युको रहस्य भने खुल्न सकेको छैन् । स्व. पत्रकार बुढाथोकीको स्मृती एवं सम्मानमा पत्रकार महासंघ शाखा सप्तरीले प्रत्येक वर्ष उनको स्मृति दिवसको अवसर पारेर सप्तरीका एक जना पत्रकारलाई सम्मानित गर्दै आएको छ ।


नेपाल सरकार
फोन।फ्याक्स नं.०३१- ५२००६४ ।
भूमिव्यवस्था,तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी
राजविराज
(भूमिसुधार शाखा)
पत्र संख्या:- ८१/८२
चलानी नं.:- ६६२
प्राप्त पत्र संख्यां र मिति:
मिति: २०८१।९।५
बिषय: म्याद प्रकाशन सम्बन्धमा

उपरोक्त सम्बन्धमा वादी विद्यानन्द चौधरीको मु.स. गर्ने पुनिता चौधरी र प्रतिवादी बनौला वार्ड नं.१ हाल डाकनेश्वरी न.पा. वार्ड नं.१० बस्ने रमन मियाको द्वारा हमिद मियासंगको कि.नं. १६२० सम्मि मोहि दर्ता नामसारी र कि.नं. १६२१ को बाँडफाँड मुद्दामा तपसिल बमोजिम जग्गामा यो सुचना प्रकाशन भएको मितिले बाट बाहेक ३० (तिस) दिन भित्र यस अड्डामा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसाय पठाउनु होला। यसमा आफ्नो लिखित प्रमाण साथ दाखिला गर्न नसकिए ऐन बमोजिम हुनेछ । यसमा आफु पनी आउनु भएन वारिसवा कानुन व्यवसायी पनि पठाउनु भएन भने कानुन बमोजिम निर्णय हुनेछ । पछि तपाईंको उजुर लाग्ने छैन ।

तपसिल

| क्र.स. | ज.ध.कोनाम | जिल्ला | गा.वि.स. | वार्डनं. | कि.नं. | ज.वि. | मोहि |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | स्व हमिद मिया | सप्तरी | बनौला | ६० | १३६ | ०-२-२½ | |

८१।०९।१४

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np